श्री जिल्ला प्रशासन कार्यालय काठमाडौं

<u>इजलाश</u>

प्रमुख जिल्ला अधिकारी एकनारायण अर्याल

**फैसला**

सम्बत् २०७१/०७२ सालको स.वा.फौ.मि.नं.४६/७४ (**हातहतियार**)

<u>दर्ता मिति</u> :– <u>२०७१/२/४</u>

मुद्दा :– **हातहतियार खरखजाना** ।

<u>निर्णय नं.:२१८१(क)</u> , <u>मिति :– २०७१/११/२२</u>

| वादी | प्रतिवादी |
|---|---|
| प्रहरी प्रतिवेदन जाहेरीले **नेपाल सरकार**.......... .........१ | इन्द्रबहादुर तामाङको छोरा,जिल्ला काठमाण्डौं,रामकोट गा.वि.स. वडा नं.३ बस्ने वर्ष ३९ को भक्तबहादुर तामाङ................................१ |
| निजको प्रमाण.................................. | निजको प्रमाण ................................................................... |
| साक्षी .............. | साक्षी ........................................................................... |
| कागज............................................ .. | कागज ......................................................................... |

**<u>यस कार्यालयबाट बुझेको</u>**

प्रमाण.............................................

साक्षीः-

कागजः

**हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र यस कार्यालयको ठहर यस प्रकार छ :–**

१. मिति २०७०।११।०७ गते अ.१६:०० बजेको समयमा का.जि.भिमढुङ्गा गा.बि.स.वडा नं.०६ स्थितमा धादिङ्गबाट काठमाण्डौ आउने सडक खण्डमा चेकजाँचको क्रममा बा.१९प.१६९९ नं.को मो.सा.को पछाडी सवार रहेका व्यक्तिले कालो झोला फाली फरार रहेको र मोटरसाइकल चालक रामचन्द्र राईलाई नियन्त्रणमा लिई उक्त झोला खोली चेकजाँच गर्दा उक्त झोलामा लाम्वाई २८ ईन्चको बटको भाग र TIGER TACTICAL LASER SCOPE–3-9x42 लेखिएको बन्दुक थान १ र ऐ.को गोली राउण्ड १४ र हतियार ईजाजत-पत्र समेत फेला परेको भन्ने व्यहोराको मिति २०७०।११।०७ गतेको वरामदी मुचुल्का ।

२. ताँहा वृत्तको च.नं. ४५१७ मिति २०७०।०१।१९ गतेको पत्रसाथ यस कार्यालयमा दाखिला हुन आएका प्रतिवादी भक्तबहादुर तामाङ्गलाई मृगमारी ओशारपसार गरेको भन्ने मुद्धामा यस कार्यालयको मिती २०७१।०१।२१ गतेको

आदेशले रु.२८,०००।-धरौटी माग हुदा उक्त, धरौटी रकम दाखिला गरेको हुंदा यसै पत्रसाथ हातहतियार मुद्धाको अनुसन्धानको लागि पठाईएको छ भन्ने समेत व्यहोराको मिती २०७१।०१।२१ गतेको जिल्ला वन कार्यालय काठमाण्डौंको पत्र ।

३. *म आफु खेतीपातीको काम गर्दै आएकोमा मिती २०७०।११।०७ गते सदा-झै आफ्नो खेतमा काम गर्दै गरेको अवस्थामा अ.१६:०० बजेको समयमा रामचन्द्र राईले एक्लै कालो मोटरसाइकलमा झोला बोकी आई मलाई बोलाई म तत्काल निजको नजिक जांदा शरीरको भागमा प्रहरीको कपडा देखि प्रहरी कर्मचारी होला भनी निजले भने अनुसार उक्त हतियार तथा वन्य जन्तुको मासु भएको झोला बोकी मोटरसाइकलमा बसि जाने क्रममा का.जि.भिमढुङ्गा पुग्दा प्रहरीको चेकिङ्ग टोली देखी निज रामचन्द्र राईले भाग भनेको हुंदा मैले झोला सोही ठाउँमा छाडी भागि गएको हुं, उल्लेखित झोलामा भएको हतियार र मासु सम्बन्धमा मलाई कुनै जानकारी भएन* भन्ने समेत व्यहोराको मिति २०७१।०१।२८ गतेको प्रतिबादी भक्तबहादुर तामाङ्गले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान कागज ।

४. यसमा मिसिल संलग्न घटनास्थल मुचुल्का, प्रहरी प्रतिवेदन, खानतलासी वरामदी मुचुल्का समेतका मिसिल संलग्न कागजातहरुको आधारबाट प्रतिवादी भक्त बहादुर तामाङलाई प्रतिवादी रामचन्द्र राई, यम नाथ विमली समेत भएको हातहतियार खरखजना मुद्दा मिति २०७०।१२।२६ मा ताहा कार्यालयमा प्रस्तुत गरिएकोमा उक्त मुद्दामा प्रतिवादी भक्त बहादुर तामाङ उपर रामचन्द्र राईले दिएको हतियारबाट मृग मारी मासु ओसार पसार गरेको सम्बन्धमा निजलाई वन ऐन अनुसार कारवाही भई हाल उक्त हतियार बोकी आउने क्रममा घटनास्थलमा प्रहरीलाई देखी भागेको हो भनि प्रतिवादी भक्तबहादुर तामाङले बयान गरेको देखिएको समेतको मिसिल संलग्न कागजातहरुको आधारबाट प्रतिवादी भक्त बहादुर तामाङ, रामचन्द्र राई समेतले सम्बन्धित कार्यालयको पत्र बिनानै हातहतियार, गोली लाइसेन्सको सर्त बन्देज उल्लंघन गरी लिएको हतियार निजले लिई हातहतियर ओसार पसार गरी हातहतियार खरखजना ऐन २०१९ को दफा ३ (२) र ४ (२) बमोजिमको अपराध गरेकोले निज प्रतिवादीलाई सोही ऐनको २० (२) वमोजिम सजाँय गरी वरामद हातहतियार खरखजना सोही ऐनको दफा १६ वमोजिम जफत गरी पाउ भन्ने मागदावी सहित मिति २०७१।२।४ मा यस कार्यालयमा पेश भएको पुरक अभियोग-पत्र ।

५. *मिति २०७०।११।०७ गते सदा-झै आफ्नो खेतमा काम गर्दै गरेको अवस्थामा अ.३.३० बजेतिरको समयमा निज प्रतिवादी रामचन्द्र राईले एक्लै धादिङ तिरबाट कालो मोटरसाइकलमा झोला बोकी आई मलाई बोलाई मेरो नाम सोधी भाई यो झोला पकडेर मेरो वाइकमा बसी मलाई अलि परसम्म पुर्‍याई दिनु, मलाई अप्ठेरो भएको छ भनेकाले निजलाई प्रहरी पोसाकमा देखी प्रहरी कर्मचारी होला भनी सहयोग गर्ने हेतुले निजको मोटरसाइकलमा पछाडि निजले दिएको झोला समाईसम्म दिएको हुँ । नर्सरी भन्ज्याङ्ग प्रहरी चेकपोष्ट भन्दा करिव ५०/५५ मिटर परबाट प्रहरीले देखेपछि निजले मलाई भाग भनेकाले मैले समाई राखेको उक्त झोला सोही ठाउँमा छाडी भागि गएको हुँ । उल्लेखित झोलामा के कस्तो सामान थियो मलाई कुनै जानकारी भएन, मोटरसाइकल चालकलाई मैले त्यस अघि देखेको चिनेकोसम्म थिएन, निज मेरो घरमा गएको भन्ने कुरा झुट्ठा हो । मलाई बन्दुक चलाउन आउदैन, अनुसन्धान अधिकारी समक्ष रामचन्द्र राईले गरेको वयान पूर्णतः कपोलकल्पित हो । हाम्रो घर एरियामा बँदेलले बाली नाली नोक्सान गर्ने गरेको पनि छैन र उक्त एरियामा बँदेल छँदा पनि छैन* भन्ने समेत व्यहोराको प्रतिवादी भक्तबहादुर तामाङ्गले यस कार्यालय समक्ष गरेको बयान ।

६. *प्रतिवादी भक्तबहादुर तामाङले मिति २०७०।११।७ को वरामदी मुचुल्कामा उल्लेख भएको हतियार र गोली राउण्ड १४ समेत भएको झोला आफुले बोकी रामचन्द्र राइले चलाएको मेटरसाइकलमा चढी आएको र वाटोमा प्रहरीलाई देखेपछि रामचन्द्र राइले भाग भनेकोले सो झोला सोही ठाउमा छाडी आफु घरतर्फ गएको भनी अभियोग स्वीकार गरी वयान गरेकाले निजले हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) र ४(२) अनुसारको कसुर गरेका होइनन् भन्न सक्ने अवस्था अहिले नै नदेखिएकोले पछि बुझ्दै जादा ठहरे बमोजिम हुने गरी प्रतिवादीबाट अ.वं.११८(५) नं. बमोजिम रु ६०,०००।- (साठी हजार) नगद वा सो वरावरको जेथा*

*धरौट माग गर्नु सो दिए तारेखमा राखी नदिए थुनमा राखी कारवाही गर्नु* भन्ने समेत यस कार्यालयबाट मिति २०७१/२/५ मा भएको आदेश बमोजिम नगदै धरौट दाखिला गरी निज प्रतिवादी तारेखमा बसेका रहेछन्।

७. *प्रतिवादी भक्तबहादुर तामाङ अवैध हतियार बोकी हिड्ने मानिस होइनन्। कानूनत रामचन्द्र राइले अपराध गरेको कुरा भक्तबहादुर तामाङले थाहा नभएकाले उहाले ज्याला लिएर निजको साथमा आउनु भएको हुनु पर्छ। प्रतिवादी रामचन्द्र राईसँग हतियार भएको कुरा भक्तबहादुर तामाङलाई थाहा थिएन। निज सोझो किसान भएकाले निजलाई मुद्दाबाट छुटकारा दिलाई पाउँ* भन्ने समेत व्यहोराको प्रतिवादी भक्तबहादुर तामाङका साक्षी भीमसेन तामाङले यस कार्यालयमा गरेको वकपत्र।

## ठहर

नियम वमोजिम मुद्दा पेशी सुचिमा चढी निर्णयार्थ इजलाश समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिति २०७०।११।७ गते बिहान काठमाण्डौं जिल्ला, भिमढुङ्गा गा.वि.स.वडा नं. ६ स्थित सार्वजनिक सडक खण्डमा प्रहरीको चेकजाँचको क्रममा वा १९ प १६९९ नं. को मोटरसाइकलको पछाडि बसेका भक्तबहादुर तामाङले कालो झोला फाली फरार रहेको र मोटरसाइकल चालक रामचन्द्र राईलाई नियन्त्रणमा लिई उक्त झोला चेकजाँच गर्दा उक्त झोलामा २८ इन्चको बट भएको र TIGER TACTICAL LASER SCOPE 3–0–42 लेखिएको बन्दुक थान १, सोको गोली थान- १४ हतियार इजाजत-पत्र समेत फेला परेको मिति २०७०।११।७ को खानतलासी वरामदी मुचुल्का र सो को रोहवरमा रामचन्द्र राईको सहीछाप रहेकोले **हातहतियार खरखजाना ऐन**,२०१९ को दफा ३(२) र ४(२) को कसूरमा प्रतिवादीहरु रामचन्द्र राई, यमनाथ विमली र केशरबहादुर खत्री समेतलाई सोही ऐनको दफा २०(२) बमोजिम सजाय मागदावी लिई अभियोग-पत्र पेश भइ सकेको र प्रतिवादी भक्तबहादुर तामाङलाई सोही ऐनको दफा २०(२) बमोजिम सजाँय हुन मागदावी सहित मिति २०७१।२।४ मा पुरक अभियोग पेश भएको रहेछ।

यसमा प्रतिवादी भक्तबहादुर तामाङले अभियोग मागदावी वमोजिम कसूर गरेको हो होइन गरेको भए निजलाई के कस्तो सजाँय हुनु पर्ने हो भन्ने सम्वन्धमा निर्णय गर्नु पर्ने देखिन आएको छ।

मिसिल संलग्न कागजात अध्ययन गरी अव निर्णय तर्फ विचार गर्दा मिति २०७०।११।७ गते काठमाण्डौं जिल्ला, भिमढुगां-६ स्थित सार्वजनिक सडक खण्डमा चेकजाँच हुँदा प्रतिवादी रामचन्द्र राईले चलाएको मोटरसाइकलको पछाडि बसेका भक्तबहादुर तामाङ झोला फाली फरार रहेको र रामचन्द्र राईलाई नियन्त्रणमा लिई निजको साथबाट वरामद भएको चिजवस्तु सहितको खानतलासी वरामदी मुचुल्का र सो को रोहवरमा निज रामचन्द्र राइले सहीछाप गरेको देखियो।

मिति २०७०।११।७ गते खेतमा काम गरिरहेको अवस्थामा रामचन्द्र राई आई मलाई बोलाई मलाई केही परसम्म झोला लगिदेउ भनेकाले नेपाल प्रहरीको कपडा देखी सहयोगका लागि झोला बोकी मोटरसाइकलमा बसी केही पर पुग्दा प्रहरीको चेकजाँच देखी निजले मलाई भाग भनेकाले भागी घर गई बसेको, वरामद भएको राइफल सम्वन्धमा आफुलाई थाहा नभएको, वरामद हतियार बोकी लिई नगएको भनी खुलाएका, यस कार्यालय समक्षको वयानमा सोही व्यहोरा खुलाएको, निजका साक्षी भिमसेन तामाङले समेत यस कार्यालयमा आई भक्तबहादुर तामाङ निर्दोष रहेको भनी खुलाएकाले प्रस्तुत मुद्दामा हातहतियार खरखजाना बोक्ने राख्ने कार्यमा भक्तबहादुर तामाङको संलग्नता रहेको भन्ने कुनै ठोस प्रमाण मिसिल संलग्न देखिएन। तसर्थ प्रतिवादी भक्तबहादुर तामाङलाई हातहतियार खरखजना ऐन, २०१९ को दफा ३ (२) र ४ (२) वमोजिमको अपराधमा सोही ऐनको २० (२) वमोजिम सजाँय गरी पाँउ भन्ने अभियोग दावी पुग्न सक्दैन। निजले आरोपित कसूरबाट सफाई पाउने ठहर्छ। अरुमा तपसील बमोजिम गर्ने गरी मु.ऐ.अ.वं.१८६ नं.बमोजिम प्रस्तुत मुद्दा फैसला गरी दिएँ।

## तपसिल

प्रतिवादी भक्तबहादुर तामाङ के माथि ईन्साफ खण्डमा लेखिए बमोजिम निजले अभियोग दावीबाट सफाई पाउने ठहरेकाले निजले मुद्दा पूर्पक्षको सिलसिलामा मिति २०७१।२।५ मा यस

कार्यालयमा राखेको धरौट रकम रु. ६०,०००/- फिर्ता पाँउ भनी प्रस्तुत मुद्दा अन्तिम किनारा भए पछि वा पुनरावेदन म्याद नाघे पछि ऐनका म्याद भित्र निवेदन दिए नियमानुसार फिर्ता दिनु. ................१

प्रस्तुत फैसलामा चित्त नबुझे ७० (सत्तरी) दिन भित्र पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी जिल्ला सरकारी वकिल कार्यालय,काठमाण्डौलाई प्रस्तुत फैसलाको जानकारी सहित पुनरावेदन म्याद दिनू. ..............................................................................................................२

सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए नियमानुसार नक्कल दिनू......३

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत पाटनमा पठाइदिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू .................................................................४

श्रीमान् प्र.जि.अ.ज्यूले टिपाउनु भए बमोजिम टिपि
कम्प्युटर टाइप गर्ने ना.सु.परशुराम थापा,
ना.सु.भुवराज घिमिरे

..................................
( एकनारायण अर्याल )
प्रमुख जिल्ला अधिकारी

प्रशासकीय अधिकृत : कृष्ण गैह्रे

इति सम्बत् २०७१ साल फाल्गुण २२ गते रोज ६ शुभम् ......................